आज मिति २०८४।३।१४ गते यस राक्सिरांग गाउँपालिका का अध्यक्ष श्री राजकुमार मल्ल ज्यूको अध्यक्षताका यस राक्सिराङ गाउँ कार्यपालिकाको बैठक कोषका पदाधिकारीहरूको उपस्थितिमा बैठक बस्यो।

तपसिल

१. अध्यक्ष श्री राजकुमार मल्ल

२. उपाध्यक्ष श्री निर्मला छिदुङ

३. वडा अध्यक्ष श्री कान्छाराम रुम्बा

४. ,, श्री सूर्य ब. मुक्तान

५. ,, श्री बाबुलाल स्याँगतान

६. ,, श्री सञ्जय कोइराला

७. ,, श्री चन्द्रसिं प्रजा

८. ,, श्री सिंगलाल प्रजा

९. ,, श्री कुल बहादुर प्रजा

१०. ,, श्री रामकृष्ण प्रजा

११. ,, श्री रामकुमार थापा छिडि

१२. मसदस्य श्री सुकमाया वि.क.

१३. ,, श्री गौरीमाया स्याङतान

१४. ,, श्री कर्ण कुमारी राउत

१५. ,, श्री मैना कुमारी गोले

१६. ,, श्री सन्त ब. प्रजा

१७. ,, श्री सिमोन विश्वकर्मा

आमन्त्रित पुनरावलोकन प्रेषक

माईन्युट सहयोगी :

लेखापाल देवेन्द्र ब.प्रधान

प्रस्तावहरु

१. पदपुर्ति समिति गठन सम्बन्धमा ।
२. मोटरेबल पुल मांग गर्ने सम्बन्धमा ।
३. स्थानीय तह रेडीयो कार्यक्रम संचालन गर्ने सम्बन्धमा ।
४. सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने सम्बन्धमा ।
५. कर्मचारी भत्ता सम्बन्धमा ।
६. HDPE पाईप खरिद सम्बन्धमा ।
७. जस्तापाता खरिद सम्बन्धमा ।
८. विधुतिय पोल खरिद सम्बन्धमा ।
९. विधुतिय तार (0.03ACSR कन्डक्टर तार) खरिद सम्बन्धमा ।
१०. प्राविधिक सामानहरु खरिद सम्बन्धमा ।
११. योजना कार्य स्थगित गर्ने सम्बन्धमा ।
१२. जिल्ला दररेट स्वीकृत गर्ने सम्बन्धमा ।
१३. कार्यालयमा ईन्टरनेट जडान गर्ने सम्बन्धमा ।
१४. विषयगत समितिहरुको योजना तथा कार्यक्रमहरु पेश गर्ने सम्बन्धमा ।
१५. शौचालय र कम्पाउण्डवाल व्यवस्थापन गर्ने सम्बन्धमा ।
१६. मनहरी खोलाको बोटबारी चैनपुर वस्ती संरक्षणको लागि विश्तृत सर्भे डिजाईन तयार गर्ने सम्बन्धमा ।
१७. गाउं कार्यपालिकाको नियमित वैठक सम्बन्धमा ।
१८. कर्मचारीको नियमित वैठक सम्बन्धमा ।
१९. आर्युवेदिक औषधालयलाई गाउंपालिकामा ल्याउने सम्बन्धमा ।

मना

प्रके

कर्ण

२०. गोदाम घर भवन मर्मत सम्बन्धमा ।
२१. सिमेन्ट खरिद सम्बन्धमा ।
२२. बिधुत फिटिङ्ग सामग्री खरिद सम्बन्धमा ।

निर्णय नं.१ : यस गाउंपालिकामा आवश्यक पर्ने प्राविधिक कर्मचारीहरु छनौटको लागि तपसिल बमोजिमको पदपूर्ति समिति गठन गर्ने निर्णय गरियो ।
तपसिल
संयोजक : श्री राजकुमार मल्ल (गा.पा.अध्यक्ष)
सदस्य : श्री ललित कुमार चौधरी (जि.प्रा.का.मकवानपुर)
सदस्य सचिव : श्री राजु आचार्य (प्र.प्र.अधिकृत)

निर्णय नं.२ : मनहरी प्याङ्चे सडक खण्ड अर्न्तगतको राक्सिराङ्ग र कैलाश गाउंपालिका जोड्ने कुतसिं जिर्खेखोलामा मोटरेबल पुल निर्माण भएको खण्डमा सो भेगका स्थानीय जनताहरुलाई सो क्षेत्रमा उत्पादित कृषि उपजहरु बजार सम्म लैजान सजिलो हुने र उनीहरुको जीवनस्तर समेत माथि उठ्ने भएकोले सो स्थानमा मोटरेबल पुल निर्माण गर्न आवश्यक भएकोले सो पुल निर्माणको लागि जिल्ला प्राविधिक कार्यालय,मकवानपुरमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय न.३ : यस गाउंपालिकामा संचालन हुने विकास निर्माण तथा अन्य कार्यक्रमहरुको गतिविधिको बारेमा स्थानीय सरोकारवाला एवं सवै वर्गलाई जानकारी गराउने उद्धेश्यले स्थानीय तह रेडीयो कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.४ : यस गाउंपालिका र सो अर्न्तगतका वडा कार्यालयहरुवाट उपलब्ध हुने सेवा सुविधाहरु स्थानीय स्तरमा सवै जनताहरुमा पुगेको छ छैन भन्ने लगायतका विकास निर्माण सम्बन्धी गतिविधिहरुको विषयमा स्थानीय सरोकारवाला एवं सवै वर्गहरुसंग जानकारी आदान प्रदान गर्ने उद्धेश्यले सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.५ : यस गाउंपालिकाबाट संचालन हुने योजना तथा कार्यक्रमहरुको अनुगमन तथा निरिक्षण र जिल्ला स्थित कार्यालयहरुमा कामको सिलसिलामा भ्रमण गरी रहनु पर्ने भएको र सो कार्यमा खटिने कर्मचारीहरुलाई नियमानुसार दैनिक भ्रमण भत्ता उपलब्ध गराउनु पर्ने भएकोले सो वापत प्र.प्र.अधिकृत राजु आचार्य,आर्थिक प्रशासन शाखाका अर्जुन दाहाल,योजना शाखाका देवेन्द्र व.प्रधान,जिन्सी शाखाका चुननारायण श्रेष्ठ र प्राविधिक शाखाका छठु शाहलाई प्राविधिक कर्मचारी सरह २०७४ पौष महिना देखि लागू हुने गरी मासिक रु.८०००/ (आठ हजार) का दरले भत्ता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.६ : यस गाउंपालिकाको विभिन्न स्थानहरुवाट खानेपानीको लागि HDPE पाईप मांग भै आएको र सो सामानहरु तत्काल उपलब्ध गराउनु पर्ने भएकोले चालु आ.व.२०७४/७५ को खानेपानी तथा सरसफाई योजनाको स्थानीय खा.पा.मर्मत सुधार योजना शिर्षकवाट रु.५,००,०००/ विनियोजन गरी HDPE पाईप खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं.७ : यस गाउंपालिकाको विभिन्न स्थानहरुवाट जस्तापाता मांग भै आएको र विपदका बखतमा समेत सो सामानहरु तत्काल उपलब्ध गराउनु पर्ने भएकोले चालु आ.व.२०७४/७५ को वन,वातावरण तथा विपद व्यवस्थापनको विपद तयारी साथै सामग्री खरिद कोष शिर्षकबाट रु.५,००,०००/ विनियोजन गरी जस्तापाता खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं.८ : यस गाउंपालिकाको विभिन्न स्थानहरुवाट बिधुत लाईनको लागि आवश्यक विधुतिय पोल मांग भै आएको र सो सामानहरु तत्काल उपलब्ध गराउनु पर्ने भएकोले चालु आ.व.२०७४/७५ को विधुत विस्तार तथा

लघु जलविधुत योजनाको बिधुतिय सामग्री,ट्रान्सफर्मर,पोल खरिद साथै मर्मत सुधार योजना शिर्षकबाट रु.५,००,०००/ बिनियोजन गरी बिधुतिय पोल खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं.९ : यस गाउंपालिकाको बिभिन्न स्थानहरुबाट बिधुत लाईनको लागि आवश्यक बिधुतिय तार (0.03ACSR कन्डक्टर तार) मांग भै आएको र सो सामानहरु तत्काल उपलब्ध गराउनु पर्ने भएकोले चालु आ.व.२०७४/७५ को बिधुत बिस्तार तथा लघु जलबिधुत योजनाको बिधुतिय सामग्री,ट्रान्सफर्मर,पोल खरिद साथै मर्मत सुधार योजना शिर्षकबाट रु.५,००,०००/ बिनियोजन गरी बिधुतिय तार (0.03ACSR कन्डक्टर तार) खरिद गर्ने निर्णय गरियो ।

निर्णय नं.१० : यस गाउंपालिकाबाट संचालन हुने बिभिन्न योजनाहरुको लागत अनुमान,मुल्यांकन लगायतका सर्भे कार्यहरु गर्नको लागि एम्नीलेभल,अल्टीमीटर,लेभनिङ्ग मेशीन र GPS गार्मीन मेशीन आवश्यक भएकोले सो सामानहरु खरिद गर्नको लागि यस कार्यालयका अ.स.ई.छुठु शाहबाट रु.५,००,०००/ पेश्की रकम मांग भै आएकोले चालु आ.व.२०७४/७५ को अन्य योजनाहरु शिर्षकको मेशीन औजार,सवारी साधन खरिद कार्यक्रमबाट रु.५,००,०००/ पेश्की उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.११ : चालु आ.व.२०७४/७५ मा मनहरी आंपखोल्सी सडक खण्ड निर्माण योजना,राक्सिराङ्ग ५ को लागि रु.५८,५०,०००/ बजेट बिनियोजन भै सो योजना कार्यान्वयनको लागि मिति २०७४/०७/२९ मा उपभोक्ता समितिका अध्यक्ष श्री खुशीलाल प्रजासंग योजना संझौता भएकोमा उक्त सडक खण्ड अर्न्तगतको आंपखोल्सी पुलमा जाने सडक ठेक्का प्रक्रियाबाट निर्माण कार्य संचालन भएकोले सो स्थानको सडक खण्डको निर्माण कार्य हाललाई अर्को निर्णय नहुन्जेल सम्मको लागि स्थगित गर्ने निर्णय गरियो ।

निर्णय नं.१२ : जिल्लामा संचालन हुने विकास निर्माण लगायतका अन्य निर्माण कार्यको लागि जिल्ला दररेट निर्धारण समिति,मकवानपुरबाट चालु आ.व.२०७४/७५ को लागि स्वीकृत भएको जिल्ला दररेट बमोजिम कार्य गर्ने गरी सो दररेट स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं.१३ : यस गाउंपालिकाको बिभिन्न कार्यहरु तथा सूचनामुलक जानकारीहरु प्राप्त गरी कार्य संचालनमा सहजता ल्याउनको लागि ईन्टरनेट जडानको लागि आवश्यक ब्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं.१४ : यस गाउंपालिकाको चालु आ.व.२०७४/७५ मा संचालन गर्ने बिभिन्न योजना तथा कार्यक्रमहरुको विषयगत समितिहरुबाट छलफल गरी सोको अन्तिम निचोड तयार गरी बोर्डमा पेश गर्नको लागि विषयगत समितिहरुलाई अनुरोध गर्ने निर्णय गरियो । साथै सामाजिक विकास समिति पौष १९ गते,पूर्वाधार विकास समिति + सामाजिक विकास समिति पौष २० गते र गाउं कार्यपालिकाको बैठक पौष २१ गते बस्ने निर्णय गरियो ।

निर्णय नं.१५ : यस गाउंपालिका कार्यालयको भवन अगाडी रहेको शौचालय अधुरो र अब्यवस्थित रुपमा रहेको एवं गाउंपालिकाको भवन पनि चारैतिर खुला भै असुरक्षित भएकोले सोको ब्यवस्थापनको लागि चालु आ.व.२०७४/७५ को अन्य योजनाहरु शिर्षक अर्न्तगतको गा.पा.तथा वडा कार्यालय भवन निर्माण शिर्षकबाट रु.५,००,०००/ बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.१६ : यस राक्सिराङ्ग गाउंपालिका स्थित मनहरी खोलाको बोटबारी चैनपुर बस्ती संरक्षणको लागि विश्तृत सर्भे डिजाईन तयार गर्ने कार्य प्रिसिला मल्टीपर्पोज कंपनी प्रा.लि.,ललितपुर १३ बाट सम्पन्न भै डिटेल सर्भे रिर्पोट प्राप्त हुन आएकोले सो प्रा.लि.लाई रु.२,९३,८००/ (भ्याट समेत) भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं.१७ : यस राक्सिराङ्ग गाउंपालिकाको बिभिन्न विषयहरु तथा महत्वपूर्ण कार्यहरुको लागि वोर्ड बैठक बसि रहनु पर्ने भएकोले अब देखि प्रत्येक महिनाको ७ गते र २४ गते नियमित बैठक बस्ने र आवश्यकता अनुसार पनि वोर्ड बैठक बस्ने र उक्त दिन सार्वजनिक विदा पर्न गएमा सोको भोली पल्ट बस्ने निर्णय गरियो ।

CamScanner

निर्णय नं.१८ : यस राक्सिराङ्ग गाउंपालिकाको कर्मचारीहरुको बिभिन्न विषयहरुको बारेमा छलफल गर्नको लागि प्रत्येक महिनाको ६ गते नियमित बैठक राख्ने निर्णय गरियो ।

निर्णय नं.१९ : यस राक्सिराङ्ग गाउंपालिका स्थित साविक कांकडामा रहेको आर्युवेदिक औषधालयलाई गा.पा.राक्सिराङ्ग चैनपुरमा स्थानान्तरण गरी सेवा प्रवाह राक्सिराङ्ग गाउंपालिका चैनपुरबाट विस्तार गर्ने निर्णय गरियो ।

निर्णय नं.२० : यस राक्सिराङ्ग गाउंपालिका स्थित पुरानो भवनलाई मर्मत संभार गरी गोदाम घर बनाउनको लागि मर्मत गर्न चालु आ.व.२०७४/७५ को अन्य योजनाहरु शिर्षक अर्न्तगतको गा.पा.तथा वडा कार्यालय भवन निर्माण शिर्षकबाट रु.१,६०,०००/ बजेट बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.२१ : यस राक्सिराङ्ग गाउंपालिकाको बिभिन्न स्थानहरुबाट सिमेन्ट मांग भै आएको र सो मांग पुरा गर्न तथा आवश्यक परेको वखत उपलब्ध गराउनको लागि चालु आ.व.२०७४/७५ को अन्य योजनाहरु शिर्षक अर्न्तगतको भैपरी योजनाहरु संचालन शिर्षकबाट रु.२,००,०००/ बजेट बिनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं.२२ : यस राक्सिराङ्ग गाउंपालिकाको विधुतिय योजनाहरुको लागि विधुतिय सामग्रीहरु खरिद गर्न आ.व.२०७४/७५ को विधुत बिस्तार तथा लघु जलविधुत योजनाको विधुतिय सामग्री,ट्रान्सफर्मर,पोल खरिद साथै मर्मत सुधार योजना शिर्षकबाट रु.२,००,०००/ बजेट बिनियोजन गर्ने निर्णय गरियो ।